# शान्ति सुरक्षाको प्रभावकारिता, दण्डहीनताको अन्त्य तथा मानव अधिकारको रक्षाको लागि विशेष कार्यक्रम, २०६६

## १. विषय प्रवेश

स्थानीय प्रशासन ऐनको प्रभावकारी कार्यान्वयन गर्न, सडक र अत्यावश्यक सार्वजनिक सेवामा हुने अवरोध नियन्त्रण गर्न, गम्भीर प्रकारका अपराधलाई नियन्त्रण गर्न, उपत्यकाको सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन, तराई-मधेश तथा पूर्वी र मध्यपश्चिम पहाडको सुरक्षा व्यवस्थालाई सुदृढ तुल्याउन र सचेतना अभियानलाई अगाडि बढाई सुरक्षा व्यवस्थाको पूर्ण प्रत्याभूति दिने सन्दर्भमा **"शान्ति सुरक्षाको प्रभावकारिता, दण्डहीनताको अन्त्य तथा मानव अधिकारको रक्षाको लागि विशेष कार्यक्रम २०६६"** लागू गरिएको छ । यस कार्यक्रमलाई सफल पार्न यसमा परिचालित हुने सुरक्षाकर्मी र कर्मचारीका लागि आचार संहिता तयार गरी लागू गर्न आवश्यक भएकोले यो आचार संहिता तयार गरी लागू गरिएको छ ।

## २. कार्यक्रमको आवश्यकता

देहायका उद्देश्यहरू पूरा गर्न यस कार्यक्रमको आवश्यकता महसुश गरिएको छ :

२.१ संगठित अपराध नियन्त्रण गर्न,

२.२ अपराधिक प्रकृतिका व्यक्ति/समूहको पहिचान र कारवाई गर्न,

२.३ समाजमा भयरहित वातावरणको सिर्जना गर्न,

२.४ जनतामा सरकारप्रतिको विश्वास अभिबृद्धि गर्दै शान्ति सुरक्षाको प्रत्याभूति दिन, र

२.५ सुरक्षा निकाय र स्थानीय जनताहरूबीच सु-सम्बन्ध कायम गर्न ।

## ३. उद्देश्य

यस कार्यक्रमका उद्देश्य देहाय बमोजिम छन् :

३.१ मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने,

३.२ सुरक्षा सुदृढीकरण र कानुनको पूर्ण पालनाद्वारा सुरक्षाको प्रत्याभूति गर्ने,

३.३ कानुन उल्लंघनकर्तालाई कानुनको दायरामा ल्याई दण्डहीनताको अन्त्य गर्ने,

३.४ सार्वजनिक सेवामा नागरिकको सरल र सहज पहुँच स्थापित गर्ने,

३.५ सचेतना अभियान र सुरक्षा व्यवस्थाद्वारा स्थानीय जनमानसमा सरकारप्रतिको विश्वासमा अभिबृद्धि गर्ने, र

३.६ सुरक्षा व्यवस्थापनमा जनसाझेदारी अभिबृद्धि गर्ने ।

## ४. आचारसंहिता आकर्षित हुने पदाधिकारीहरू

देहायका पदाधिकारीहरूमा यो आचारसंहिता लागू हुनेछ :

४.१ प्रमुख जिल्ला अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारी, अन्य अधिकृत र कर्मचारीहरू ।

४.२ जिल्ला प्रहरी कार्यालय र अन्तर्गतका प्रमुख, प्रहरी अधिकृत र जवानहरू ।

४.३ सशस्त्र प्रहरी बलका गण, गुल्म, सीमा कार्यालयका प्रमुख एवं बेशका प्रमुखहरू र अन्तर्गतका सशस्त्र प्रहरी बलका अधिकृत तथा जवानहरू ।

४.४ राष्ट्रिय अनुसन्धान विभागका जिल्ला प्रमुख र अन्तर्गतका कर्मचारीहरू ।

४.५ सुरक्षा सुदृढीकरण कार्यक्रमा खटिने केन्द्रीय एवं क्षेत्रीय तहका सम्पूर्ण सुरक्षाकर्मी तथा कर्मचारीहरू ।

## ५. कार्य योजनाहरू

यस विशेष कार्यक्रम अन्तर्गत देहायका कार्यक्रमहरू संचालन हुनेछन् :

५.१. सार्वजनिक सेवा तथा सडक अवरोध नियन्त्रण कार्य योजना, २०६६ ।

५.२. अपहरण तथा गम्भीर प्रकृतिका संगठित अपराध नियन्त्रण कार्य योजना, २०६६ ।

५.३. उपत्यकाका लागि विशेष सुरक्षा योजना, २०६६ ।

५.४. तराई-मधेश तथा पूर्वी र मध्यपश्चिम पहाडको सुरक्षा कार्य योजना, २०६६ ।

५.५. शान्ति सुरक्षा व्यवस्थापनको प्रभावकारिताका लागि सचेतना अभियान, २०६६ ।

## ६. जिल्ला प्रमुखहरूको काम कर्तव्य

### ६.१. प्रमुख जिल्ला अधिकारी

(क) शान्ति सुरक्षाको प्रभावकारिता, दण्डहीनताको अन्त्य तथा मानव अधिकारको रक्षाको लागि

तयार पारिएको विशेष कार्यक्रम अन्तर्गतका पाँचवटै कार्यक्रमहरूलाई पूर्ण अध्ययन गरी अक्षरशः कार्यान्वयनमा ल्याउने,

(ख) साधन स्रोत र जनशक्तिको व्यवस्थापनमा सहयोग पुऱ्याउने,

(ग) आफू अन्तर्गतका नेपाल प्रहरी र सशस्त्र प्रहरी प्रमुख लगायतका अधिकृत तथा प्रहरीहरूलाई कार्यक्रमबारे पूर्व जानकारी गराई फिल्डमा खटाउने,

(घ) सुरक्षा सुदृढीकरण कार्यक्रमबारे राजनीतिक दल, नागरिक समाज, पत्रकार, स्थानीय निकाय, गैरसरकारी संस्थालगायत सरोकारवालाहरूलाई जानकारी गराउने,

(ङ) स्थानीय व्यक्तिहरू तथा नागरिक समाजबाट सहयोग प्राप्त गर्ने,

(च) सुरक्षा निकायबीच समन्वय गर्ने,

(छ) भए गरेका काम कारवाईका सम्बन्धमा र प्राप्त अन्य सूचना समेत प्रवाह गरी कारवाईलाई सजिलो बनाउने,

(ज) सुरक्षा सुदृढीकरण कार्यक्रमको साप्ताहिक समीक्षा गरी मन्त्रालय र क्षेत्रीय प्रशासन कार्यालयमा जाहेर गर्ने,

(झ) सुरक्षा विशेष कार्यक्रममा खटिएका सुरक्षाकर्मीको कामकारवाईको नियमित अनुगमन गर्ने,

(ञ) स्थानीय प्रशासन ऐनको पूर्ण पालना गर्ने गराउने,

(ट) आवश्यकता अनुसार अग्रिम रूपमा अधिकार प्रत्यायोजन गर्ने,

(ठ) कारवाईको क्रममा मानव अधिकार संरक्षणको पक्षलाई विशेष ध्यान दिने, र

(ड) शक्ति प्रयोग गर्नुपर्ने परिस्थिति भएमा अवस्था हेरी न्यूनतम शक्ति प्रयोगको सिद्धान्त अपनाउने सम्बन्धमा खटिने कमाण्डरलाई ब्रिफिङ्ग गर्ने ।

## ६.२. जिल्ला प्रहरी प्रमुख

(क) सुरक्षासँग सम्बन्धित विषयहरूको खबर संकलनका लागि आवश्यक जनशक्ति, स्रोत-साधन परिचालन गर्ने,

(ख) प्राप्त सूचनाहरू अन्य सुरक्षा निकायहरूसँग आवश्यकतानुसार आदान-प्रदान गर्ने,

(ग) कारवाईमा खटिने प्रहरी टोलीलाई आवश्यक पर्ने बन्दोवस्तीका सामानहरूको व्यवस्था गर्ने,

(घ) सुरक्षा कारवाईलाई सफलतापूर्वक सम्पन्न गराउन स्थानीय जनतासँग आवश्यक समन्वय गर्ने,

(ङ) कारवाईको समयमा नागरिकहरूको मौलिक हक, मानव अधिकारको संरक्षण हुने गरी सुरक्षा कारवाई संचालन गर्ने,

(च) कारवाईको सिलसिलामा आइपरेका समस्या र चुनौतीहरूका बारेमा संयुक्त सुरक्षा संयन्त्रमा आवश्यक छलफल एवं विश्लेषण गरी सो अनुसार कार्य सम्पादन गर्ने गराउने,

(छ) जिल्लामा संचालित सुरक्षा कार्यक्रमहरूका कार्य-प्रगति विवरणहरू दैनिक रूपमा मजकुर कार्यालयलाई पठाउने व्यवस्था गर्ने,

(ज) परिचालनको अवस्थामा मानव अधिकार संरक्षणको पक्षलाई विशेष ध्यान पुऱ्याउने,

(झ) प्र.जि.अ.तथा मजकुर कार्यालयको आदेशलाई पूर्णतः पालना गर्ने,

(ञ) कारवाईको क्रममा अग्रपंक्तिमा रहेर कार्य गर्ने,

(ट) असल नियत राखेर काम गर्ने र राम्रो, नराम्रो परिणामको जिम्मेवारी लिने,

(ठ) सशस्त्र प्रहरी प्रमुखसँग समन्वय गरी बेग्ला बेग्लै वा संयुक्त रूपमा कार्य गर्ने,

(ड) कारवाहीमा जानुपूर्व सम्बन्धित अधिकृत र जवानहरूलाई राम्रो अनुशिक्षण (Orientation) र ब्रिफिङ्ग गर्ने, र

(ढ) शक्ति प्रयोग गर्दा अवस्था हेरी न्यूनतम शक्ति प्रयोगको सिद्धान्त अपनाउने सम्बन्धमा खटिने कमाण्डरलाई ब्रिफिङ्ग गर्ने ।

## ६.३. जिल्लास्थित सशस्त्र प्रहरी प्रमुख

(क) टोली परिचालन गर्नुपूर्व प्रमुख जिल्ला अधिकारीको आदेशमा र स्थानीय प्रहरी प्रमुखसँग समन्वय गरी समयमै टोली खटाउने व्यवस्था मिलाउने,

(ख) विशेष सुरक्षा कार्यक्रम अन्तर्गत खटिई जाने टोलीको टोली कमाण्डर र आवश्यकतानुसार अन्य सशस्त्र प्रहरी बललाई समेत परिचालनको उद्देश्यबारे अनुशिक्षण र ब्रिफिङ्ग दिने,

(ग) नेपाल प्रहरीले अग्रपंक्तिमा रहेर आफ्नै कमाण्डमा प्रहरी कारबाई संचालन गर्ने र उत्पन्न परिस्थितिलाई नेपाल प्रहरीले मात्र नियन्त्रण गर्न नसक्ने अवस्था भई सशस्त्र प्रहरी बल समेत परिचालन गर्नु पर्ने अवस्था भएमा सशस्त्र प्रहरीले कमाण्ड संहाल्ने र नेपाल प्रहरीले आवश्यक सहयोग गर्ने,

(घ) परिचालन हुने टोलीको सम्पूर्ण साधन-स्रोत तथा असवावका साधनहरूको सम्पूर्ण व्यवस्थापन गरी तयारी हालतमा राख्ने,

(ङ) मजकुर कार्यालयको निर्देशनलाई कार्यान्वयन गरी सोको रिपोर्टिङ्ग समयमै गर्ने,

(च) परिचालनको अवस्थामा स्थिति अनियन्त्रित भई असामान्य स्थिति सिर्जना हुन पुगी शक्ति प्रयोग गर्नु पर्ने अवस्था समेत आई

परेमा हतियार प्रयोग गर्ने व्यक्ति जुनियर अधिकृत वा वरिष्ठ हवल्दारलाई तोकी सोको व्यवस्था मिलाउनेतर्फ प्रमुख भूमिका खेल्ने,

(छ) शक्ति प्रयोग गर्दा अवस्था हेरी न्यूनतम शक्ति प्रयोगको सिद्धान्त अपनाउने सम्बन्धमा खटिने कमाण्डरलाई ब्रिफिङ्ग गर्ने,

(ज) परिचालित सुरक्षा बेशहरूमा समय-समयमा भ्रमण गरी भए गरेका काम कारवाईको मूल्याङ्कन तथा आवश्यक निर्देशन दिने र सो सम्बन्धमा मजकुर कार्यालयलाई जानकारी दिने,

(झ) परिचालनपश्चात् सुरक्षा बेशहरूबाट भए, गरेका कार्य प्रगति विवरणहरू दैनिक रूपमा मजकुर कार्यालयलाई पठाउने व्यवस्था गर्ने,

(ञ) मजकुर कार्यालयबाट प्राप्त आदेश र निर्देशनलाई समयमै आवश्यकतानुसार परिचालित बेशहरूमा पठाउने व्यवस्था मिलाउने,

(ट) कुनै पनि कामकारवाईको सिलसिलामा असहज स्थिति सिर्जना भएमा आवश्यक समन्वय गरी थप मद्दत पठाउने व्यवस्था मिलाउने, र

(ठ) आवश्यकतानुसार समयावधि हेरी मजकुर

कार्यालयसँग आदेश लिई टोली अदली-बदली गर्ने व्यवस्था गर्ने ।

**६.४. प्रमुख, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय**

(क) शान्ति सुरक्षाको प्रभावकारिता, दण्डहीनताको अन्त्य तथा मानव-अधिकारको रक्षाका लागि स्वीकृत विशेष कार्ययोजना अन्तर्गतका पाँचवटै कार्यक्रमको पूर्ण अध्ययन गरी अक्षरशः कार्यान्वयनमा ल्याउने,

(ख) उपलब्ध साधन, स्रोत र जनशक्तिलाई कार्ययोजनाले लक्ष्यित गरेका काममा मितव्ययी ढंगबाट उच्चतम सदुपयोग गर्ने,

(ग) आफ्नो मातहतका अधिकृत तथा कर्मचारीहरूलाई कार्यक्रमका बारेमा ब्रिफिङ्ग गरी उनीहरूको जिम्मेवारी तोकी फिल्डमा खटाउने,

(घ) कार्यक्षेत्रमा परिचालन हुने कर्मचारीहरूको मनोबल उच्च राख्न आवश्यक व्यवस्था मिलाउने,

(ङ) प्राथमिकता प्राप्त क्षेत्रमा आवश्यकतानुसार उपयोगी सूत्रहरू खोजी गरी विभागको स्वीकृतिमा परिचालन गर्ने,

(च) सूचनाको प्राप्तिमा सदैव सजग र सचेष्ट

रहने तथा प्राप्त सूचनाको पुष्टि (Verify) गरी विभागमा जाहेर गर्ने,

(छ) संकलित सूचनाहरूमध्ये स्थानीय तहको शान्ति सुरक्षासँग सम्बन्धित सूचना विभागका साथै तत्काल सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठित समितिमा राखेर विश्लेषण गरी प्रमुख जिल्ला अधिकारीलगायत सम्बद्ध अधिकारीसमक्ष सम्प्रेषण गर्ने तथा राष्ट्रिय सुरक्षा र नीति निर्माणसँग सम्बन्धित सूचना विभागमा जाहेर गर्ने,

(ज) संकलित तथा संप्रेषित सूचना तथा विशेष कार्यक्रम अन्तर्गत सम्पन्न गरिएका कार्यको छुट्टै अभिलेख तथा विवरण तयार गरी सुरक्षित राख्ने,

(झ) सूचना संकलन लगायत विभागीय काममा खटिएका खुल्ला तथा आवरणका अधिकृत तथा कर्मचारी र सूत्र,सुराकी वा सूचनादाताको जस्तोसुकै प्रतिकूल परिस्थितिमा पनि पूर्ण सुरक्षाको वातावरण मिलाउदै सूचनाको स्रोत नखुल्ने गरी गोप्यता कायम गर्न पूर्ण ध्यान दिने,

(ञ) कार्ययोजना कार्यान्वयनमा जिम्मेवार सुरक्षा, प्रशासनिक र अन्य निकायबीच

उच्च तहको समन्वय कायम गरी कार्य गर्ने, र

(ट) अन्य कुरा कार्ययोजनाको अधीनमा रही विभागबाट निर्देशन लिई गर्ने ।

**६.५. सुरक्षा कारवाईमा खटिनेले पालना गर्नु पर्ने आचार–संहिता**

(क) यस कार्यक्रममा संलग्न हुने कर्मचारी र सुरक्षाकर्मीले सुरक्षा कार्यक्रमबारे पूर्व जानकारी राख्ने र अन्तर्गतका सुरक्षाकर्मीलाई प्रशिक्षित गर्ने,

(ख) गम्भीर क्षति हुने किसिमको मुठभेडको अवस्था र आत्मरक्षाको अवस्थामा वा खतराको मूल्याङ्कन गरी शक्ति प्रयोग गर्नु पर्ने अवस्थामा अन्य सबै विकल्प समाप्त भएमा मात्र फायर खोल्ने,

(ग) कारवाईको क्रममा घाइते भएकालाई प्राथमिकताका साथ उद्धार गरी उपचारको व्यवस्था मिलाउने,

(घ) कारवाईको क्रममा कुनै पनि सूचना अनधिकृत रूपमा प्रवाह नगर्ने,

(ङ) खानतलासी गर्दा र महिलाहरूलाई पक्राउ गर्दा भरसक महिला प्रहरी साथमा लिएर जाने, त्यो सम्भव नभएमा मर्यादापूर्वक शिष्ट व्यवहारसहित प्रस्तुत हुने,

(च) स्थानीय धार्मिक परम्परा, रीतिरिवाज र सामाजिक परम्परालाई उच्च सम्मान गर्ने,

(छ) जनसहयोग र समर्थन लिन स्थानीय व्यक्तिहरूसँग नजिक रहेर कारवाई गर्ने,

(ज) सुरक्षा कारवाईमा खटिएको अवस्थामा मानव अधिकारप्रति संवेदनशील र सचेत रही मानवोचित व्यवहार गर्ने,

(झ) आपराधिक घटनामा संलग्न भएको व्यक्तिलाई पक्राउ गर्ने,

(ञ) कतिपय अवस्थामा निरपराध व्यक्ति पनि प्रहरी देख्नासाथ भाग्ने मनोविज्ञान रहने हुँदा त्यस्ता उपर फायर नखोल्ने, पक्राउ गरी छानबीन गर्ने,

(ट) खानतलासीको बेला सामाजिक मर्यादालाई ख्याल गरी कारवाई अगाडि बढाउने,

(ठ) महिला, बालबालिका, अशक्त र बृद्धबृद्धाहरूलाई सम्मानजनक एवं मर्यादित व्यवहार गर्ने, र

(ड) सम्बन्धित व्यक्तिहरूसँग पेश हुँदा नम्र र शालीन तरिकाले पेश हुने ।

**६.६. परिचालनको अवस्थामा सुरक्षाकर्मीले गर्नुपर्ने र गर्नु नहुने कार्यहरू**

**६.६.१. गर्नुपर्ने कार्य**

(क) आफू सदैव सजग र सतर्क रहने तथा मातहतलाई पनि सजग र सतर्क राख्ने,

(ख) कमाण्डरले आफू मातहतका सुरक्षाकर्मीहरूलाई नियन्त्रणमा राख्ने र समसामयिक सन्दर्भबारे ब्रिफिङ्ग तथा डिब्रिफिङ्ग गरिरहने,

(ग) आफ्नो जिम्मामा रहेका हातहतियार, गोलीगट्ठा, बिष्फोटक पदार्थ, संचार साधन तथा अन्य असवावहरू र सरकारी सम्पत्तिको पूर्णरूपमा सुरक्षा, सरसफाई र मितव्ययिता गर्ने, गराउने,

(घ) आफ्नो जिम्मेवारी पूर्णरूपमा वहन तथा सम्पादन गर्ने,

(ङ) स्थान अनुसारको मर्यादित पोशाक पहिरने,

(च) सदैव समयको पालना गर्ने, गराउने,

(छ) युनिफर्म सही तरिकाले लगाउने,

(ज) अनुशासनमा रहने र मातहतलाई पनि अनुशासनमा राख्ने,

(झ) आफ्नो संगठन र पेशाप्रति इमान्दार रहने,

(ञ) संगठनको गरिमा एवं महत्त्व अभिवृद्धि हुने खालका कामकारवाईहरू गर्ने, व्यक्तिगत स्वार्थभन्दा देश, जनता र संगठनको हितलाई सर्वोपरि ठान्ने,

(ट) अनुकूल वा प्रतिकूल अवस्थामा पनि धैर्यकासाथ ड्युटी गर्ने,

(ठ) माथिल्लो कमाण्डरको आदेश अक्षरशः पालन गर्ने,

(ड) आफ्नो ड्युटीको बदली नआएसम्म ड्युटी नछाड्ने,

(ढ) ड्युटीमा भए गरेका कामकारवाईहरू सम्बन्धित कमाण्डरलाई जाहेर गर्ने,

(ण) अन्य सुरक्षा निकायका सुरक्षाकर्मीले परिचय मागेमा यथार्थ परिचय दिने,

(त) कुनै विवाद देखिएमा छिटो भन्दा छिटो सम्बन्धित कार्यालयमा जानकारी गराउने,

(थ) कुनै पनि समस्याले ठूलो रूप लिनु अगावै समाधानका उपायहरू खोज्न प्रयत्नशील रहने,

(द) कार्यालयभित्र तथा बाहिर सबैसँग राम्रो व्यवहार गर्ने र सु-संस्कारको परिचायक बन्ने,

(ध) कार्यालयका साथै व्यक्तिगत, पारिवारिक सुरक्षामा सजग, सतर्क र संवेदनशील हुने,

(न) जनसम्पर्क राम्रो बनाउन जनताको मन जित्ने किसिमका कामहरू गरी जनताबाट जनविश्वास, जनसहयोग र कदर हासिल गर्न हरहमेसा तल्लीन भएर लाग्ने,

(प) सामाजिक काममा सहभागी हुने, समाजसेवामा अग्रसर रहने,

(फ) धार्मिक तथा साँस्कृतिक चाडपर्वहरूमा सहभागी भई संस्कृति तथा रीतिरिवाजको संरक्षणमा टेवा पुऱ्याउन योगदान दिने,

(ब) असहाय, अशक्त, बृद्धबृद्धा तथा बालबालिकालाई सक्दो सहयोग गर्ने,

(भ) प्रहरी कारवाईको दौरान आफूसँग भएको गोलीगट्ठा र खर्च भएको विवरण नियमित जाहेर गर्ने,

(म) मानव अधिकारको संरक्षण गर्ने ,

(य) आफू बस्ने बेशको फिल्ड फोर्टिफिकेशन सदैव मजबुत तथा दुरूस्त राख्ने, र

(र) प्रत्येक प्रहरी कर्मचारी अनुशासित र कर्तव्यनिष्ठ बन्ने ।

**६.६.२. गर्न नहुने कार्य**

(क) आफू र आफ्नो संगठनको इज्जतमा आँच आउने खालका गलत तथा अनुशासनहीन क्रियाकलापहरू,

(ख) संगठनको गरिमामय अस्तित्वमाथि प्रश्न उठ्ने किसिमका गतिविधिहहरू,

(ग) आफ्नो पेशाप्रति उदासीन एवं गैर जिम्मेवार तथा आफ्नो काम-कर्तव्यप्रति हेलचेक्र्याई तथा ढिलासुस्ती,

(घ) आफ्नो मातहतमा रहेका सर-सामान, हातहतियारप्रति हेलचेक्र्याइँ तथा जथाभावी,

(ङ) हातहतियार तथा गोलीगठ्ठाको हिनामिना तथा दुरूपयोग,

(च) मादक पदार्थ, धुम्रपान तथा लागूपदार्थ जस्ता मनोद्दीपक बस्तुको प्रयोग,

(छ) सरकारी सम्पत्तिको दुरूपयोग,

(ज) जनतासँग असभ्य, अमर्यादित, अश्लील र अशिष्ट व्यवहार तथा जनतासँग उधारोमा सामान लिने कार्य,

(झ) सामेलीको अवस्थामा ढिलासुस्ती,

(ञ) ड्युटीमा ढिला पुग्ने र समय अगावै ड्युटी छाड्ने,

(ट) असामाजिक तथा गैरकानुनी काम गरी आफ्नो संरक्षणको लागि संगठनको नाम लिने काम,

(ठ) ड्युटीमा रहेका बेलामा हल्ला गर्ने, गफ गर्ने, रेडियो सुन्ने, ड्युटी पोष्ट छाडेर निस्कने, हतियार तथा

गोलीगठ्ठा बेठीक तरिकाले समात्ने जस्ता क्रियाकलाप, र

(ड) ड्युटीमा रहेको बेला मोवाइल फोन चलाउने काम ।

## ७. निष्कर्ष

सुरक्षा विशेष कार्यक्रम २०६६ बाट देहायका उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ :

- "शान्ति सुरक्षाःजनताको अपेक्षा" अभियान सार्थक हुने,
- गैरकानुनी र अपराधजन्य क्रियाकलापको नियन्त्रण भई जनतामा सुरक्षाको प्रत्याभूति हुने,
- मानव अधिकारको संरक्षण र सम्बर्द्धन हुने,
- सरकारप्रति आमजनताको विश्वासमा अभिबृद्धि हुने,
- दण्डहीनताको अन्त्यको दिशामा ठोस कार्यारम्भ हुने,
- "कानुनी शासन" को संस्कारमा विकास हुने, र
- स्थानीय प्रशासक र सुरक्षाकर्मीको मनोबल उच्च हुने ।

★

# सार्वजनिक सुरक्षाको लागि सबैले जान्नै पर्ने कानुनका कुराहरू

| क्र.सं. | कानुनी प्रावधान | कानुन उल्लंघन गरेमा हुने सजाय/कारवाई |
|---|---|---|
| १ | **स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम**<br>**क. कसैले सार्वजनिक सेवा वा सडकमा अवरोध गर्न वा घर वा सवारी साधन तोडफोड गर्न नहुने।**<br>★ नेपाल सरकारले तोकिदिएको देहायक सार्वजनिक सडकमा चक्काजाम गरी वा अन्य कुनै प्रकारले सडक सुचारू रूपमा संचालन गर्न बाधा पुर्‍याउन पाइदैन।<br>★ १) पूर्वपश्चिम महेन्द्र राजमार्ग २) त्रिभुवन राजपथ ३) अरनिको राजमार्ग ४) पृथ्वी राजमार्ग ५) नारायणघाट मुगलिङ राजमार्ग ६) वी.पी कोइराला राजमार्ग ७) मेची राजमार्ग ८) कोशी राजमार्ग ९) सगरमाथा राजमार्ग १०) सिद्धार्थ | ★ कसूरको मात्रा अनुसार १० हजार रूपियाँसम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुबै सजाय हुने। कसुरदारले क्षतिको विगो रकम भर्नुपर्ने। |

| | | |
|---|---|---|
| | राजमार्ग ११) राप्ती राजमार्ग १२) रत्न राजमार्ग १३) कर्णाली राजमार्ग १४) महाकाली राजमार्ग १५) सेती राजमार्ग १६) उल्लिखित राजमार्ग र राजपथबाट जिल्ला सदरमुकाम जोड्ने सार्वजनिक सडकहरू<br>★ सरकारी, सार्वजनिक वा व्यक्तिगत सवारी साधन वा घर वा सम्पत्ति तोडफोड, आगजनी वा लूटपाट गरी क्षति पुऱ्याउन हुँदैन ।<br>★ सरकारी तथा सार्वजनिक निकाय वा शिक्षण संस्थामा तालाबन्दी गरी अवरोध खडा गर्न हुँदैन । | |
| | **ख. देहायका काम कारवाई गरी शान्ति भंग गर्नु हुँदैन ।**<br>★ हिंसात्मक कार्य वा हुलदंगा गर्नु हुँदैन,<br>★ कफर्यूको आदेश उल्लंघन गर्नु हुँदैन, | ★ लाठीचार्ज, अश्रुग्यास, फोहरा, हवाईफायर र घुँडामुनि गोली हान्ने, |

| | | |
|---|---|---|
| | ★ दंगाग्रस्त क्षेत्र उल्लंघन गर्नु हुँदैन,<br>★ चोरी गर्न नहुने, वगली मार्न नहुने, नापतौल कम गरी ठगी गर्न नहुने, स्त्री जाती चौपाया बध गर्नु हुँदैन,<br>★ अम्मल खाई सार्वजनिक स्थानमा जथाभावी गर्नु हुँदैन,<br>★ बिना पारिश्रमिक काममा लगाउनु हुँदैन,<br>★ नाजायज फाइदा लिई खरीद बिक्री गर्नु हुँदैन,<br>★ सरकारी वा सार्वजनिक जग्गामा घर बनाउनु हुँदैन,<br>★ गाईवस्तु छाडा छाड्नु हुँदैन । | ★ एक महिना कैद वा एक हजार जरिवाना वा दुबै सजाय हुने ।<br>★ ३ महिना कैद वा ३ हजार जरिवाना वा दुबै सजाय हुने,<br>★ ५ सय रूपैयाँसम्म जरिवाना हुने,<br>★ बढीमा १ हजार रूपैयासम्म जरिवाना हुने,<br>★ कानुन बमोजिम कारवाही गरिने,<br>★ १ हजार रूपैयासम्म जरिवाना वा ३ महिना कैद वा दुबै सजाय हुने,<br>★ ५ हजार रूपैयाँसम्म जरिवाना, घर भत्काइने,<br>★ २ सय रूपैयाँसम्म जरिवाना, लिलाम बिक्री हुने । |
| २ | **आवश्यक सेवा सञ्चालन ऐन, २०१४ बमोजिम देहायका सेवामा बन्द हडताल गर्न पाइने छैन ।**<br>डाँक, तार, टेलिफोन सेवा,<br>१. जल, स्थल वा हवाईमार्गबाट यात्री वा | ★ निषेध गरिएको आवश्यक सेवामा हड्ताल गर्ने वा त्यसमा भाग लिने वा भाग |

| | | |
|---|---|---|
| | मालसामानहरू ओसार पसार गर्ने यातायात सेवा,<br>२. हवाईअड्डा वा हवाईजहाजको देखभाल, त्यसको सञ्चालन वा मर्मत गर्ने कामसँग सम्बन्धित सेवा,<br>३. हवाई ग्राउण्ड, रेल्वे स्टेशन वा सरकारी गोदाममा मालसामान ओसार पसार गर्ने, झिक्ने वा थन्याउने कामसँग सम्बन्धित सेवा,<br>४. प्रिन्ट वा सरकारी छापाखानासम्बन्धी सेवा,<br>५. हातहतियार खरखजाना वा अरू कुनै सैनिक सरसामानको उत्पादन गर्ने, थन्क्याउने र वितरण गर्ने कामसँग सम्बन्धित नेपाल सरकार रक्षा व्यवस्थाको कुनै सेवा,<br>६. सञ्चार सेवा,<br>७. आन्तरिक सुरक्षा कार्यसँग सम्बन्धित सेवा,<br>८. खानेपानी सञ्चालन तथा वितरण सेवा, | लिइराख्ने व्यक्तिलाई ६ महिना कैद वा दुई सय रूपियाँसम्म जरिवाना वा दुवै सजाय हुने ।<br>★ यो ऐन अन्तर्गत निषेध गरिएको कुनै हड्ताल गर्न वा त्यसमा भाग लिन भाग लिई राख्न कुनै व्यक्तिले अरूलाई दुरूत्साहत गर्ने निषेध गरिएको हड्ताल निमित्त नगदी सहायता दिनेलाई एक वर्ष कैद वा रू. एक हजार जरिवाना वा दुवै सजाय हुने । |

| | | |
|---|---|---|
| | ९. पर्यटन आवास, मोटेल, होटेल, रेष्टुराँ र रिजोर्टसम्बन्धी सेवा,<br>१०. पेट्रोलियम पदार्थ (एल.पी.ग्याँस समेत) को आयात तथा वितरणसम्बन्धी सेवा,<br>११. अस्पताल, स्वास्थ्य केन्द्र र औषधि निर्माण तथा बिक्री वितरण सम्बन्धी सेवा,<br>१२. फोहरमैलाको संकलन, ढुवानी, प्रशोधन स्थल निर्माण र सङ्कलन स्थल एवं व्यवस्थापन क्षेत्रसंग सम्बन्धित सेवा,<br>१३. बैंकिङ्ग सेवा,<br>१४. बीमा सेवा,<br>१५. विद्युत् सेवा । | |
| ३ | **हातहतियार तथा खरखजाना ऐन, २०१९** बमोजिम<br>★ कसैले कानुनविपरीत हातहतियार राख्नु हुँदैन । | ★ लाइसेन्स वेगर हातहतियार लिएर हिँड्ने कुनै व्यक्तिलाई विना वारेन्ट गिरफ्तार गर्न |

| | | |
|---|---|---|
| र निजको साथमा रहेको हतियार जफतसमेत हुन सक्ने ।<br>★ शङ्का लागेमा हातहतियार, खरखजाना ल्याउने/लैजाने व्यक्तिहरूको खानतलासी लिई पक्राउ गर्न सक्ने ।<br>★ कसैले हातहतियार राख्न लाइसेन्स पाएको भए तापनि सार्वजनिक सुरक्षाका लागि आवश्यक ठानेमा सो व्यक्तिको साथमा रहेको हातहतियार वा खरखजाना कब्जा गरी रोक्का राख्न सक्ने ।<br>★ विना इजाजत हातहतियार तयार गर्ने, मर्मत गर्ने, आफूसाथ राख्ने, रूप परिवर्तन गर्ने, बेच्ने वा बिक्रीको लागि दिने वा राख्ने वा निकासी पैठारी गर्ने वा ऐनको बर्खिलाप हुने | | |

| | | |
|---|---|---|
| | | गरी लिएर हिँड्नेलाई तीन वर्षसम्म कैद र रू. पच्चीस हजारसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।<br>★ गैरकानुनी हातहतियारको प्रयोगमा कसुरको मात्रानुसार ६ महिनादेखि ७ वर्षसम्म कैद वा साठी हजारदेखि एकलाख चालीस हजार रूपियाँसम्म जरिवाना वा दुवै सजाय हुने । |
| ४ | **सार्वजनिक सुरक्षा ऐन, २०४६** बमोजिम<br>★ नेपालको सार्वभौमसत्ता, अखण्डता, सार्वजनिक शान्ति वा व्यवस्थामा तत्काल खलल पार्ने कार्य गर्नु सर्वसाधारणको हीत वा विभिन्न जातजाति वा सम्प्रदायवीचको सुसम्बन्धमा खलल पार्ने काम गर्न हुँदैन । | ★ नजरबन्दमा राखी कारवाही गर्न सकिने ।<br>★ नेपालभित्रै स्थानहद गर्न सक्नेछ ।<br>★ नेपाल बाहिर जान प्रतिबन्ध लगाउन सक्नेछ ।<br>★ वर्खिलाप गर्नेलाई ६ महिना कैद र एक हजार जरिवाना हुने । |

| | | |
|---|---|---|
| | ★ सर्वसाधारणको हीत वा बिभिन्न जात जाति वा सम्प्रदाय वीचको सु-सम्बन्धमा खलल पार्ने काम गर्न हुँदैन ।<br>★ मुलुकको शान्ति र व्यवस्था, मित्रराष्ट्रसंगको सु सम्बन्ध र बिभिन्न वर्ग र क्षेत्रका जनता वीचको सु-सम्बन्धमा प्रतिकूल असर पार्ने काम गर्न हुदैन । | |
| ५ | **कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२** बमोजिम<br>★ कसैले पनि कालोबजार, नाफाखोरी, मालवस्तुको विचलन, जम्माखोरी तथा कृत्रिम अभावको सिर्जना, झुक्याई माल बिक्री वितरण, औषधीमा मिसावट, मिसावट औषधीको बिक्री वितरण गर्नु हुँदैन । | ★ बिगोबमोजिम वा पच्चीसहजार रूपैयाँसम्म जरिवाना हुनेछ ।<br>★ संगठित संस्था वा कम्पनीका पदाधिकारीलाई समेत सजाय हुनेछ ।<br>★ अपराधी ठहरिएको व्यक्तिलाई सार्वजनिक रूपमा निन्दा गर्ने व्यवस्था रहेको । |

| | | |
|---|---|---|
| ६ | **केही सार्वजनिक अपराध सजाय ऐन, २०२७** बमोजिम<br>★ कुटपिट वा हुल हुज्जत गरी वा अरू कुनै किसिमबाट कुनै राष्ट्र सेवकलाई आफ्नो ओहदाको कर्तव्य पालन गर्नमा वाधा पुऱ्याउने ।<br>★ सार्वजनिक स्थानमा कुटपिट वा हुल हुज्जत गरी शान्ति भंग गर्ने ।<br>★ सार्वनिक स्थानमा अश्लील बोलीवचन, इसारा प्रयोग गरी शान्ति भंग गर्ने वा अश्लील प्रदर्शन गर्ने ।<br>★ सार्वजनिक स्वास्थ्य वा स्वास्थ्य विज्ञानको लागि बाहेक अश्लील भाषा वा अश्लील भाव आउने शब्द र चित्रद्वारा अश्लील कुरा छाप्ने वा प्रकाशित गर्ने वा त्यस्तो अश्लील प्रकाशनहरू सार्वजनिक स्थानमा प्रदर्शन वा बिक्री वितरण गर्ने । | ★ कसुरको मात्रा अनुसार दशहजार रूपियाँसम्म जरिवाना हुने ३५ दिनसम्म थुनामा राखी अनुसन्धान गर्न सक्ने ।<br>★ पीडित पक्षलाई कसुरदारबाट बिगोबमोजिम क्षतिपूर्ति भराइ दिन सक्ने ।<br>★ कसुरको मात्रा हेरी बढीमा २ बर्षसम्म कैद सजायं तोकी साधक जाहेर गर्न सक्ने । |

| | | |
|---|---|---|
| | ★ हुलाक, संचार, यातायात, विद्युत र अरू यस्तै आवश्यक सामाजिक सेवाको नियमित संचालनमा अनुचित वाधा पुर्‍याउने ।<br>★ सरकारी वा गैरसरकारी कार्यालयमा वा कसैको घर जग्गाभित्र हुल हुज्जत गरी अनधिकृत प्रवेश गर्ने वा अनधिकृत रूपमा रहने ।<br>★ हुल हुज्जत गरी, ढुंगा मुढा गरी वा अन्य कुनै प्रक्रियाद्वारा सार्वजनिक वा निजी सम्पत्तिमा क्षति पुर्‍याउने ।<br>★ सार्वजनिक स्थानमा महिला वर्गलाई हातपात गरी वेइज्जत गर्ने ।<br>★ सार्वजनिक स्थानमा जथाभावी व्यवहार गर्ने ।<br>★ कसैलाई हैरानी गर्ने वा सताउने हेतुले कहीँ बसिरहेको अवस्थामा वा बाटोघाटोमा हिँडिरहेको | |

| | | |
|---|---|---|
| | वा कुनै सवारीबाट गइरहेको अवस्थामा कुनै प्रकारको वाधा विरोध वा छेकथुन घेराउ गर्ने वा हुल हुज्जत, हातपात, कुटपिट, विजाइँ वा उपद्र्याइँ गर्ने वा त्यस्तो व्यक्तिको साथमा भएको कुनै सम्पत्ति खोसी लिने वा नोक्सान गर्ने वा सवारीको साधनमा नोक्सान पुऱ्याउने ।<br>★ कसैलाई डर, त्रास वा दुःख दिने, अपमान वा वेइज्जत गर्ने वा हैरानी गर्ने हेतुले टेलिफोन, चिठ्ठीपत्र वा अन्य कुनै साधन वा माध्यमद्वारा धम्की वा गाली दिने वा जिस्क्याउने वा अन्य कुनै अनुचित काम कुरा गर्ने ।<br>★ जुनसुकै सभा वा जुलुसमा घुसी वा नघुसी कसैले शान्ति भंग हुने गरी जनसाधारणमा त्रास आतंक फैलने कुनै कुरा गर्नु वा हतियारको प्रदर्शन गर्ने । | |

| | | |
|---|---|---|
| ७ | **गाली र बेइज्जती ऐन, २०१६** बमोजिम<br>★ शान्ति भंग गराउने नियतले जानी जानी गाली बेइज्जती वा अपमान हुने कार्य गर्नु हुँदैन ।<br>★ बेइज्जती वा बेइज्जती हुने कुरा छाप्ने, खोट्ने गर्नुहुँदैन ।<br>★ आईमाईलाई अपमानित गर्ने नियतले कुनै काम कुरा गर्नु हुँदैन ।<br>★ खती पुऱ्याउने नियतले झुट्टा आरोप लगाउन हुँदैन । | ★ एक सयदेखि पाँचसय रूपैयाँसम्म जरिवाना र छ महिनासम्म कैदको सजाय हुने छ ।<br>★ पाँच हजार जरिवाना र दुईवर्षसम्म कैद हुनेछ ।<br>★ पाँचसयसम्म जरिवाना र छ महिनासम्म कैद हुनेछ ।<br>★ पाँच हजारसम्म जरिवाना र झुट्टा ठहरे विपक्षीलाई खर्चसमेत भराउनेछ । |
| ८ | **जासुसी ऐन, २०१८** बमोजिम<br>★ कुनै व्यक्तिले नेपालको हित वा सुरक्षामा प्रतिकूल असर पार्ने उद्देश्यले वा विदेशी राष्ट्रका हितका लागि कुनै किसिमको जासूसी वा सोका लागि सामग्री एकत्रित गर्नु हुँदैन । | ★ कसूरको मात्रा अनुसार पाँच वर्षदेखि जन्म कैदसम्म हुन्छ । |

| | | |
|---|---|---|
| ९ | **होटल व्यवस्था तथा मदिरा बिक्री (नियन्त्रण) ऐन, २०२३** बमोजिम<br>★ होटल वा पसलको मालिकले दिउंसो १२ बजेभन्दा पहिले र राती १२ बजे भन्दा पछि मदिराको बिक्री वितरण गराउन हुँदैन र होटलमा अश्लील वा लज्जाजनक मनोरंजन वा नाचगान देखाउन हुँदैन ।<br>★ नाबालक र मदिराले मातेको व्यक्तिलाई मदिरा बेच्न र ख्वाउन हुँदैन । | ★ कसूरको मात्रा अनुसार पाँच हजारसम्म जरिवाना वा बढीमा ३ महिनासम्म कैद वा दुबै सजाय हुने, होटल वा पसल बन्द हुनसक्ने । |
| १० | **मानव बेच बिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४** बमोजिम<br>★ कसैले पनि मानव बेच विखन तथा ओसार-पसार गर्नु हुँदैन । | ★ कसूरको मात्रा अनुसार बीस बर्ष कैद र दुईलाख रूपैयाँसम्म जरिवाना हुने । |

| | | |
|---|---|---|
| ११ | **वैदेशिक रोजगार ऐन, २०६४** बमोजिम<br>★ कुनै पनि संस्था वा व्यक्तिले नाबालकलाई बैदेशिक रोजगारमा पठाउन पाइने छैन। | ★ रू. तीन लाख देखि रू. सात लाखसम्म जरिवाना र तीनवर्षदेखि सात वर्षसम्म कैद हुने। |
| १२ | **सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४** बमोजिम<br>★ कसैले गैरकानुनी रूपबाट आर्जन गरेको सम्पत्ति पुनः लगानी गरी वा अन्य तरिकाले कानुनी रूपले आर्जन गरेको वा प्राप्त गरेको देखाउने कार्य गर्नु हुँदैन। | ★ कसूरको मात्राअनुसार विगो बमोजिमको जरिवाना र एक वर्षदेखि चार वर्षसम्म कैद वा दुबै सजाय हुने।<br>★ सम्पत्ति शुद्धीकरणको अनुसन्धानमा वाधा विरोध गर्नेलाई ६ महिनासम्म कैद वा पाँचहजार रूपैयाँसम्म जरिवाना वा दुबै सजाय हुने। |

# विषय-सूची


| | | |
|---|---|---|
| १. | विषय प्रवेश | १ |
| २. | कार्यक्रमको आवश्यकता | १ |
| ३. | उद्देश्य | २ |
| ४. | आचारसंहिता आकर्षित हुने पदाधिकारीहरू | २ |
| ५. | कार्य योजनाहरू | ३ |
| ६. | जिल्ला प्रमुखहरूको काम कर्तव्य | ३ |
| | ६.१. प्रमुख जिल्ला अधिकारी | ३ |
| | ६.२. जिल्ला प्रहरी प्रमुख | ५ |
| | ६.३. जिल्लास्थित सशस्त्र प्रहरी प्रमुख | ७ |
| | ६.४. प्रमुख, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ९ |
| | ६.५. सुरक्षा कारवाईमा खटिनेले पालना गर्नुपर्ने आचार–संहिता | ११ |
| | ६.६. परिचालनको अवस्थामा सुरक्षाकर्मीले गर्नुपर्ने र गर्नु नहुने कार्यहरू | १२ |
| | ६.६.१. गर्नुपर्ने कार्य | १२ |
| | ६.६.२. गर्न नहुने कार्य | १५ |
| ७. | निष्कर्ष | १७ |
| ८. | सार्वजनिक सुरक्षाको लागि सबैले जान्नै पर्ने कानुनका कुराहरू | १८ |

## गृह मन्त्रालयद्वारा प्रकाशित

- पहिलो प्रकाशन २०६६ भाद्र
- दोस्रो प्रकाशन २०६६ कार्तिक

## विशेष सुरक्षा कार्ययोजना

- सार्वजनिक सेवा तथा सडक अवरोध नियन्त्रण कार्ययोजना, २०६६
- अपहरण तथा गंभीर प्रकृतिका संगठित अपराध नियन्त्रण कार्ययोजना, २०६६
- उपत्यकाका लागि विशेष सुरक्षा योजना, २०६६
- तराई-मधेश तथा पूर्वी र मध्यपश्चिम पहाडको सुरक्षा कार्ययोजना, २०६६
- शान्ति सुरक्षा व्यवस्थापनको प्रभावकारिताका लागि सचेतना अभियान, २०६६

---

## पालना गर्नुपर्ने आचार संहिता

---

## सार्वजनिक सुरक्षाका लागि जान्नै पर्ने कानुनी प्रावधान

---


गृह मन्त्रालय फोन : ४२११२४९ / ४२११२०३

कन्ट्रोल फोन : ४२११२०८ / ४२११२१४

फ्याक्स : ४२११२८६ / ४२११२५७

प्रहरी कन्ट्रोल फोन : १००

*शान्ति सुरक्षा : जनताको अपेक्षा*

# शान्ति सुरक्षाको प्रभावकारिता, दण्डहीनताको अन्त्य तथा मानव अधिकारको रक्षाको लागि विशेष कार्यक्रम, २०६६

## सुरक्षाकर्मी र कर्मचारीहरूले पालना गर्नुपर्ने आचार-संहिता

नेपाल सरकार

गृह मन्त्रालय